नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

मिति: २०७६।०३।०८

पत्र संख्या: २०७५।७६

चलानी नं. ६६०

**विषय: सभामा बजेट पेश तथा पारित गरी खर्च गर्ने सम्बन्धमा ।**

श्री स्थानीय तहहरु सबै ।

अर्थ मन्त्रालयको प.सं. २०७५/०७६ च.नं. ८३२ मिति २०७६/०३/०१ को सबै स्थानीय तहलाई सभामा बजेट पेश तथा पारित गरी खर्च गर्ने सम्बन्धमा लेखिएको पत्र यसैसाथ संलग्न छ । उक्त पत्रबाट विस्तृत व्यहोरा अवगत गरी आवश्यक कार्य गर्नुहुन आदेशानुसार अनुरोध छ ।

केशवराज पार्धे
शाखा अधिकृत

**बोधार्थ:**

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखा: यस पत्रलाई मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।

खा।अनु शा

(२४९)
३-२

नेपाल सरकार
# अर्थ मन्त्रालय

दर्ता नं.:- २९६९०
मिति:- २०७६।०३।०

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.:- २२६२
मिति:- ३।६
समय:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०७५/७६
च. नं.:- ८३२

मिति: २०७६।०३।१

विषयः सभामा बजेट पेश तथा पारित गरी खर्च गर्ने सम्बन्धमा ।

श्री स्थानीय तहहरु सवै

नेपालको संविधानको धारा ५९ को उपधारा (३) मा "संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ" भन्ने व्यवस्था भएको छ । त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) मा "गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेश गर्नु पर्नेछ" भन्ने र सोही ऐनको दफा २७ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले संचित कोष माथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्नेछ" भन्ने कानुनी प्रावधान रहेको व्यहोरा विदितै छ ।

प्रस्तुत सन्दर्भमा संविधान तथा कानूनमा भएको उल्लिखित व्यवस्था अनुसार तहाँ पालिकाबाट समयमा नै सभामा बजेट पेश गरी सभाबाट स्वीकृत भएपछि मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ । संविधान र कानूनको व्यवस्था अनुसार बजेट सम्बन्धी प्रकृया पालना नभएमा नेपाल सरकारबाट तहाँ पालिकालाई कानुन बमोजिम हस्तान्तरण हुने सबै प्रकारका अनुदानहरुको निकासा र राजस्व बाँडफाँटको रकम हस्तान्तरण लगायतका प्रक्रियामा प्रचलित कानून बमोजिम कठिनाई आउन सक्ने व्यहोरा लेखि पठाउन मिति २०७६।३।१ मा निर्णय भएकोले सो व्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०७६।३।१
(थानेश्वर गौतम)
सह-सचिव

बोधार्थ :
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं : तहाँबाट समेत आवश्यक समन्वय हुन ।
श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- १०९४
मिति:- ३।६

श्री डिलाजी,
सबै स्थानीय तहलाई जानकारी गराउने
३।६

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np